

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २२१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं ६ गते बिहीबार ❑ 22 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## गण्डकीमा लामखुट्टेको वासस्थान नष्ट अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, ५ भदौं

समुदायमा डेङ्गी फैलाउने 'एडिस एजिप्टाइ' जातको पोथी लामखुट्टेको टोकाइबाट बच्न उक्त लामखुट्टेको बासस्थान नष्ट गर्ने अभियान सुरुआत गरिएको छ । सफा र जमेको पानीमा फुल पार्ने र लार्भा हुर्काउने उक्त लामखुट्टेको जीवनचक्र खलबल्याउन 'खोज र नष्ट गर' अभियान सञ्चालन गरिएको हो ।

कास्कीको पोखरा महानगरपालिकासहित यहाँका स्थानीय तह समुदायमा सरसफाइ सचेतनासहित डेङ्गी रोकथाममा जुटेका हुन् । पछिल्लो केही सातायता पोखरामा डेङ्गी सङ्क्रमण तीव्र बनेपछि हरेक शुक्रबार महानगरभित्रका सरकारी कार्यालय र सार्वजनिकस्थलमा उक्त अभियान सञ्चालन गरिएको महानगरको स्वास्थ्य महशाखाका सिअहेब अधिकृत अर्जुन क्षेत्रीले जानकारी दिनुभयो । महानगरबासीलाई पनि घर वरपर पानी जम्ने खाल्डाखुल्डी, पुराना टायर, ड्रम, भाँडाकुँडा आदिमा पानी जम्मा हुन नदिन र त्यस्ता स्थल नष्ट गर्न सूचित गरिएको उहाँको भनाइ छ । "लामखट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने अभियान वडा तहदेखि नै सुरु गरिएको छ", उहाँले भन्नुभयो, "वर्षा रोकिएको केही दिनपछि डेङ्गीको सङ्क्रमण फैलने जोखिम उच्च हुने हुनाले समुदायका सबैले सजगता अपनाउनुपर्छ ।" डेङ्गी लागेर गत शनिबार पोखराको एक अस्पतालमा ५२ वर्षीया महिलाको निधन भएको घटनाले सरोकार भएका पक्षलाई डेङ्गी नियन्त्रणमा थप संवेदनशील बनाएको उहाँले बताउनुभयो ।

गत साउन तेस्रो साता एकैदिन पोखरा महानगरभिका ४० जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएपछि महानगरले डेङ्गी रोकथाम र नियन्त्रणलाई अभियानकै रुपमा सञ्चालन गर्ने निर्णय गरेको थियो । महानगरभित्रका सबै सरकारी कार्यालयले हरेक शुक्रबार बिहान १० देखि १० : ३० बजेसम्म 'खोज र नष्ट गर' अभियान सञ्चालन गर्दै आएको स्वास्थ्य महाशाखाले जनाएको छ । जमेको सफा पानीमा बस्ने र दिउँसोमा मात्र मानिसलाई टोक्ने उक्त लामखुट्टेको टोकाइबाट बच्नु डेङ्गी नियन्त्रणको उत्तम उपाय भएको सिअहेब अधिकृत क्षेत्रीको भनाइ छ । गत पुसयता पोखरा महानगरभित्र ६ सय ८५ जनामा डेङ्गीको सङ्क्रमण पुष्टि भएको स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक राजेन्द्र रेग्मीले जानकारी दिनुभयो । डेङ्गीको शङ्का लागेमा तुरुन्त परीक्षण गरी र आवश्यकता अनुसार उपचार सुरु गर्नुपर्ने उहाँको भनाइ छ । लामखुट्टेको टोकाइबाट बच्न, घर वरिपरि पानी जम्ने ड्रम, खाली बट्टा, पुराना टायर, भाँडाकुँडा नराख्न र शरीर ढोक्ने गरी लुगा लगाउनुपर्ने उहाँको सुझाव छ । डेङ्गीको सङ्क्रमणपछि एक्कासी उच्च ज्वरो आउने, रक्तस्राव हुने, टाउको, शरीर दुख्नेजस्ता लक्षण देखा गर्ने गरेको जनस्वास्थ्य निरीक्षक रेग्मीले बताउनुभयो । यो रोगको खास औषधी नभएकाले लक्षणअनुसार औषधोपचार गर्ने गरिएको उहाँको भनाइ छ । "समयमा रोकथाम र नियन्त्रण गर्न नसके डेङ्गी ले जोखिम रुप लिन सक्छ", उहाँले भन्नुभयो, "पोखरा महानगरभित्रका सघन बस्ती भएका केही वडामा तीव्र रुपमा डेङ्गीको सङ्क्रमण फैलिएको छ ।" उहाँले डेङ्गीले मानिसको ज्यानैसम्म लिने भएकाले सामान्य रुपमा लिन नहुने बताउनुभयो । डेङ्गी रोकथाम र नियन्त्रणका लागि सबै पक्ष सचेत र जिम्मेवार हुनुपर्ने उहाँको भनाइ छ । चार प्रकारको भाइरसबाट मानिसमा डेङ्गी सङ्क्रमण हुने गरेको जनस्वास्थय निरीक्षक रेग्मीले बताउनुभयो । असारदेखि कात्तिकसम्म डेङ्गी सङ्क्रमण बढी फैलने गरेको उहाँले बताउनुभयो । प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार हिमालपारिको जिल्ला मुस्ताङबाहेक गण्डकी प्रदेशका सबै जिल्लामा डेङ्गी को सङ्क्रमण पुष्टि भएको छ। तनहुँ देशमै डेङ्गीबाट सबैभन्दा बढी प्रभावित जिल्ला बनेको छ । स्वास्थ्य विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार तनहुँमा डेङ्गी सङ्क्रमितको संख्या सात सय १५ पुगेको छ । प्रदेशगत रुपमा पनि गण्डकी प्रदेश डेङ्गी बाट सबैभन्दा बढी प्रभावित देखिएको छ । गण्डकीमा हालसम्म एक हजार चार सय ४८ जनामा डेङ्गीको सङ्क्रमण पुष्टि भएको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ । बागलुङस्थित धवलागिरि अस्पतालका प्रमुख चिकित्सक रविरञ्जन प्रधानले डेङ्गीसङ्क्रमण हुँदैमा आत्तिहाल्नु चाहिँ नपर्ने बताउनुभयो । डेङ्गी सङ्क्रमणपछि बान्ता भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकान जस्ता लक्षण देखिए चिकित्सकको विशेष निगरानीमा उपचार गर्नुपर्ने उहाँको भनाइ छ। डेङ्गी भएमा आराम गर्ने, पानीलगायत झोलिलो प्रसस्त पदार्थ पिउने र जथाभावी औषधि सेवन गर्न नहुने प्रमुख चिकित्सक प्रधानले बताउनुभयो । गर्भवती र बालबालिकामा डेङ्गीको सङ्क्रमण भएमा स्वास्थ्यमा जटिलता निम्तन सक्ने खतरा हुने उहाँको भनाइ छ । "अधिकांश सङ्क्रमित सामान्य उपचारपछि निको हुन्छन्, कतिपयमा डेङ्गी ले जटिलता ल्याउन सक्छ, सामान्य रोग हो भन्ने सोचेर लापरबाही गरेमा ज्यानै जोखिममा पर्न सक्छ", उहाँले भन्नुभयो ।

## बेगनासतालमा सरसफाइ अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, ५ भदौं



पोखरामा कर्मचारी मिलन केन्द्रले सुरु गरेको प्राकृतिक तथा सांस्कृतिक सम्पदा सरसफाइ अभियानको दोस्रो शृङ्खला बुधबार बेगनासतालको सरसफाइ गरेर सम्पन्न भएको छ ।

सामाजिक उत्तरदायित्व बहन गर्दै केन्द्रको संयोजनमा प्रत्येक महिनाको ५ गते पोखरा क्षेत्रका प्राकृतिक एवं सांस्कृतिक सम्पदालाई सरसफाइ गर्नेगरी अभियान थालिएको केन्द्रका अध्यक्ष लोकनाथ आचार्यले जानकारी दिनुभयो । केन्द्रका संरक्षक कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले प्राकृतिक सम्पदाको संरक्षण हामी सबैको दायित्व भएको बताउँदै यस किसिमका कार्यक्रमले सरसफाइप्रति सर्वसाधारण जागरुक हुने विश्वास व्यक्त गर्नुभयो ।

बुधबारको सरसफाइ बेगनासताल अगाडिको उद्यान, बाँध हुँदै तालको किनार र आसपास केन्द्रित गरिएको थियो । सरसफाइमा सुरक्षा निकायका प्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, नागरिक समाजका अगुवा, स्थानीय पर्यटन व्यवसायीलगायत सहभागी थिए ।

## लेक लागेर एक वर्षमा २१ जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, ५ भदौं

पदयात्राका लागि लोकप्रिय गन्तव्य अन्नपूर्ण संरक्षण क्षेत्रमा गत आव २०८०/ ८१ मा २१ जना पर्यटकको लेक लागेर मृत्यु भएको छ ।

तीमध्ये छ जना नेपाली रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले जनाएको छ । आयोजना प्रमुख डा रविन कडरियाका अनुसार लेक लागेर मृत्यु हुनेमा ११ जना भारतीय, मलेसियाका दुई, युक्रेनका एक र एक बेलायती नागरिक हुन् । "अधिकांश लेक लाग्ने घटना मुस्ताङको मुक्तिनाथ क्षेत्रमा हुने गरेका छन्", उहाँले भन्नुभयो, "हिमाली भेगको पदयात्रामा जाँदा विशेष ख्याल गर्नुपर्छ, एकैपटकमा उचाइमा पुग्नुहुँदैन, विश्राम लिँदै जानुपर्छ ।" लेक लागेको लक्षण अनुभव भएमा तत्कालै कम उचाइ भएको ठाउँमा फर्कनुपर्ने उहाँको भनाइ छ। लेक लागेका पर्यटकलाई हेलिकप्टरबाटसमेत उद्धार गरेर बचाइएको उहाँले बताउनुभयो । आयोजना कार्यालयले गत वर्षदेखि त्यस्ता घटनाको तथ्याङ्क राख्न सुरु गरेको प्रमुख डा कडरियाको भनाइ छ । उक्त वर्ष पदयात्राका क्रममा लडेर तीन जना विदेशी पर्यटकको मृत्यु भएको आयोजना कार्यालयले जनाएको छ । कास्कीमा स्वीडेन, जर्मनी र मनाङमा अमेरिकी पर्यटकको मृत्यु भएको आयोजना प्रमुख डा कडरियाले जानकारी दिनुभयो ।


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## एमसिसी कार्यान्वयनको एक वर्ष, अपेक्षाकृत उपलब्धि

**रासस**
काठमाडौ, ५ भदौं




संयुक्त राज्य अमेरिकी सहयोग मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) नेपाल कम्प्याक्ट कार्यान्वयनको एक वर्षमा अपेक्षाकृत उपलब्धि भएको जनाइएको छ ।

एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयनको एक वर्ष पूरा भएका अवसरमा बुधबार यहाँ आयोजित पत्रकार सम्मेलनमा आयोजनाको प्रगतिबारे जानकारी गराएको छ ।

कार्यक्रममा एमसिए नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले यस अवधिमा १८ किलोमिटर लामो सीमापार विद्युत् प्रसारण लाइनका लागि ठेकेदार छनोट भएको र ठेकेदारको पहुँचका लागि साइट तयार गर्नमा उल्लेखनीय प्रगति भएको बताउनुभयो । त्यस्तै दुई सय ९७ किमी प्रसारण लाइनका लागि यस वर्ष पुनःबोलपत्र आह्वान गरिने उहाँले उल्लेख गर्नुभयो। तीन वटा सबस्टेशनका लागि ठेक्का सम्झौता सम्पन्न भएको जानकारी दिँदै उहाँले वैशाख २७ गते तीन करोड ५५ लाख १० हजार अमेरिकी डलर रकम बराबरको नयाँ बुटवल, नवलपरासीपश्चिम सम्झौता सम्पन्न भएको उल्लेख गर्नुभयो ।

गत असार १ गते पाँच करोड १६ लाख अमेरिकी डलर बराबरको रातमाटे, नुवाकोट तथा गत साउन १६ गते तीन करोड ८८ लाख ९० हजार डलर बराबरको नयाँ दमौली, तनहुँ सम्झौता सम्पन्न भएको जनाइएको छ । सडक मर्मतसम्भार आयोजनाका लागि सडक विभागलाई प्रयोगशाला स्तरोन्नति, सडक परीक्षण उपकरण र प्राविधिक तालिमलगायत सहयोग प्रदान गरिएको एमसिसीले जनाएको छ। धानखोलादेखि लमहीसम्म फूल डेप्थ रिक्लेमेसन (एफडीआर) प्रविधि प्रयोग गर्न ४० किलोमिटर लामो सडकखण्ड स्वीकृत भएको र यसैवर्ष बोलपत्र आह्वान गरिनेछ । आवधिक मर्मतसम्भारका लागि दुई वटा सम्भावित सडक खण्डको पहिचान गरी स्वीकृत भएको प्रतिवेदनमा उल्लेख छ। यस्तै निर्माणस्थलमा पहुँच र जीविकोपार्जनपुनःस्थापनाअन्तर्गत १० जिल्लामा आठ सय ५६ वटा प्रसारण टावरका जग निर्माणका लागि जग्गाप्राप्तिमा प्रगति भएको, दुईवर्षे जीविकोपार्जन पुनःस्थापना कार्यक्रममार्फत दुई सय ७० जनालाई तालिम प्रदान गरिएको छ। जग्गाको मुआब्जा निर्धारण गर्न नौ जिल्लामा मुआब्जा निर्धारण समिति गठन भएको तथा धादिङ, मकवानपुर र नवलपरासीपश्चिम गरी तीन जिल्लामा जग्गाको मुआब्जा निर्धारण गरिएको छ । नौ जिल्लामा पहिलो चरणको रुख गणना कार्य सम्पन्न भएको छ।

कार्यक्रममा एमसिसीका देशीय निर्देशक डियान एल फ्रान्सिस्केले समयमै एससिसी परियोजना कार्यान्वयनमा आइसक्ने विश्वास व्यक्त गर्दै परियोजना अघि बढाउन नेपाल सरकारको तर्फबाट पनि सहजीकरण भइरहेको बताउनुभयो।कार्यक्रमलेगरिबीबाट हटाउन मद्दत गरेको उल्लेख गर्दै उहाँले आफूहरूसँग काम गर्ने सिलसिलमा विविध चुनौतीको सामना गर्ने, नवीन समाधान खोज्ने र सफलता हासिल गर्ने समृद्ध र विविध अनुभव रहेको बताउनुभयो ।

यसैगरी डीन नेपालका लागि अमेरिकी राजदूत डीन आर थम्पसनले एमसिसी परियोजना समयमै सम्पन्न हुने विश्वास व्यक्त गर्दै यसमा सरोकारवालाको सहयोग भइरहेको उल्लेख गर्नुभयो। उहाँले आयोजना कार्यान्वयनका लागि नेपाल सरकारबाट आवश्यक सहयोग र समन्वय भइरहेको बताउँदै अमेरिकी सरकारले यस आयोजनालाई महत्त्वका साथ अघि बढाएको जानकारी गराउनुभयो । विगत एक वर्षमा एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयनमा वास्तविक गति आएको बताउँदै तीन वटा सबस्टेसनको ठेक्कामा हस्ताक्षर, विद्युत् नियामक प्राधिकरणलाई प्राविधिक सहयोगको व्यवस्था, आयोजना प्रभावित समुदायलाई सहयोग गर्न एमसीए साझेदारी कार्यक्रमको थालनी, १८ किमी प्रसारण लाइनको ठेक्कामा हस्ताक्षर र उल्लेखनीय प्रगति भएको जनाएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पोखरा म्याराथनको बचत साढे ३ लाख

**पोखरापत्र संवाददाता**
पोखरा, ५ भदौं

१८ औं संस्करणको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनबाट साढे तीन लाख बढि रकम बचत भएको छ। नेपाल भुतपूर्व खेलाडी मञ्चको आयोजनामा गत फागुनमा म्याराथनको आयोजना भएको थियो।

बुधबार म्याराथनको आयव्यय आयोजना गर्दै मञ्चले म्याराथन प्रविधिमा जाँदा कम बचत भएको बताएको छ। मञ्चका अध्यक्ष हरिप्रसाद पराजुलीले कुल ७५ लाख २४ हजार सात सय १७ रुपैयाँ आम्दानी तथा ७१ लाख ५२ हजार एक सय ३९ रुपैयाँ खर्च भएको बताए। उनका अनुसार तीन लाख ७२ हजार पाँच सय ७८ रुपैयाँ बचत गरेको हो।



अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडीको नाम दर्ताबाट मात्रै तीन लाख ३० हजार ८१ रुपैयाँ आम्दानी भएको थियो भने विभिन्न सहयोगिदाताबाट ७१ लाख ९४ हजार ६ सय ३६ रुपैयाँ आम्दानी भएको कोषाध्यक्ष महेश पौडेलले बताउनु भयो। यस्तै १९ औं संस्करणको म्याराथन फागुन ३ गते हुने भएको छ।

आगामी फागुनमा हुने म्याराथनमा थप एक विधा समेत थपिने मञ्चले निर्णय गरेको छ। मञ्चले २१ किलोमिटरतर्फ पुरुषको विधा थप गर्ने अध्यक्षले जानकारी दिए।

# पहिराले पाइप लाइनमा क्षति हुँदा खानेपानी वितरण प्रभावित

**पोखरापत्र संवाददाता**
दमौली, ५ भदौं

तनहुँको व्यास नगरपालिका-१ स्थित भादगाउँ करादी खिरखाँदी खानेपानीको पाइप लाइनमा पहिराले क्षति पुऱ्याएको छ।

मङ्गलबार रातिदेखि परेको निरन्तरको वर्षाका कारण व्यास नगरपालिका-१३ निउरोघारी नजिक पहिरो गई खानेपानी मुहानको पाइप लाइनमा क्षति पुगेको हो। खानेपानी मुहानको 'मेनलाइन' को जिआइ पाइपलाइन पहिराले क्षति पुगेपछि पानी आपूर्ति बन्द भएको उपभोक्ता समितिका सचिव राजेश्वर हड्खलेले जानकारी दिनुभयो। पाइप लाइन मर्मत गर्न समय लाग्ने भएकाले पानी वितरणमा समस्या आउने उहाँले बताउनुभयो। यसअघि पनि असारको अन्तिम साताको पहिराले खानेपानी पाइपमा क्षति पुगेको थियो। उक्त खानेपानी संस्थाले त्यस वडाका दुई हजार छ सय ८० उपभोक्तालाई पानी वितरण गर्दै आएको छ। उपभोक्ता समितिले १३ किलोमिटर दूरीमा पर्ने खिरखाँदी मुहानबाट पानी ल्याएर वितरण गर्दै आएको छ। समितिले चार वटा मुहानबाट प्रति सेकेण्ड कूल २० लिटर पानी सङ्कलन गरी उपभोक्तालाई वितरण गरिरहेको छ। समितिले नगर विकास कोषको सहयोगमा आयोजना निर्माणका लागि सम्झौता गरेको थियो। संस्थाले नगर विकास कोषसँग रु तीन करोड ८१ लाख ऋण लगानीका लागि सम्झौता गरेको थियो। खानेपानी तथा सरसफाई क्षेत्र सहलगानी आयोजनाअन्तर्गत भादगाउँ करादी खिरखाँदी खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न नगर विकास कोषसँग सम्झौता गरिएको समितिका अध्यक्ष चिजबहादुर दरैले बताउनुभयो। व्यास नगरपालिका-१ सेवा क्षेत्र रहेको उक्त आयोजनामा नेपाल सरकारको ७० प्रतिशत अनुदान रकम रु १० करोड ६७ लाख, नगर विकास कोषबाट २५ प्रतिशत ऋण रकम रु तीन करोड ८१ लाख र पाँच प्रतिशत रकम रु ७६ लाख २१ हजार उपभोक्ता संस्थाबाट बेहोरिने अध्यक्ष दरैले जानकारी दिनुभयो।

यसैगरी पृथ्वीराजमार्गअन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ घाँसीकुवामा बुधबार साँझ पहिरा खस्दा राजमार्ग अवरुद्ध भएको छ। मङ्गलबार रातिदेखि परेको वर्षाका कारण बुधबार साँझ पहिरा खस्दा घाँसीकुवा डुम्रे सडकखण्ड अवरुद्ध भएको हो। पहिराका कारण दमौलीतर्फबाट डुम्रे जाँदै गरेको र डुम्रेबाट दमौली आउँदै गरेका सवारी साधन रोकिएका छन्। निर्माणाधीन मुग्लिन पोखरा सडक योजनाको निर्माण कम्पनी चिनियाँ कम्पनीको सहायतामा पहिरा हटाउने काम सुरु भएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ।

# सुजलको सुगर फ्री दही : सफल दही

**पोखरापत्र संवाददाता**
पोखरा, ५ भदौं

सुजल डेरी प्रा.लि.ले मधुमेह (सुगर) का बिरामीहरुले पनि खान मिल्ने 'सफल दही' बजारमा ल्याएको छ।

चाडबाडमा बढी उपभोग गरिने दहीबाट कोही कसैलाई हानी नहोस् भन्ने हेतुले चिनीरहित (सुगर फ्री) सफल सादा दही बजारमा ल्याइएको कम्पनीको भनाई छ। 'सफल सादा दही (सुगर फ्री) विशेषगरी मधुमेह रोगी, गुलियो कम मनपराउने व्यक्तिहरू, स्वास्थ्य सचेत मानिसहरू र स्वस्थ जीवनशैली अपनाउन चाहने सबैका लागि चाडपर्वमा एक उत्कृष्ट विकल्प हो,' कम्पनीले भनेको छ, 'सुगर फ्री संस्करणको उपलब्धताले स्वास्थ्यप्रति सजग रहेका उपभोक्ताहरूलाई चाडपर्वमा सजिलै स्वस्थ रहन सहयोग पुऱ्याउनेछ।'




प्याकेटमा रहेको ५ सय मिलिलिटर सफल सादा दही (सुगर फ्री) को ८५, बट्टामा रहेको साढे एक लिटरको १ सय र एक लिटरको बट्टाको १९० रुपैयाँ मूल्य कायम गरिएको छ। कम्पनीले सफल ब्रान्डको स्वस्थ जीवनशैली र पोषणप्रतिको प्रतिबद्धतालाई सुगर फ्री दहीले प्रमाणित गरेको जानकारी दिँदै चाडपर्वलाई विशेष बनाउन स्वाद, स्वास्थ्य र सन्तुष्टिले भरिएको सफल दही, एकदम सही भएको पनि जिकिर गरेको छ।

सफल दही गाई तथा भैंसीको दूधलाई उच्चस्तरीय प्रविधिद्वारा प्रशोधन गरी बनाइएको बाक्लो र मलायदार दही हो। सुजल डेरीको उत्कृष्ट उत्पादन सफल दही, पछिल्ला १८ वर्षदेखि पोखरा र वरपरका क्षेत्रमा लोकप्रिय रहँदै आएको छ।

# लाइन काटेपछि धमाधम विद्युत् महसुल बुझाउँदै उपभोक्ता

**पोखरापत्र संवाददाता**
दमौली, ५ भदौं

बिजुलीको लाइन काटेपछि यहाँका उपभोक्ताले धमाधम विद्युत् महसुल बुझाउन थालेका छन्।

नेपाल विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्रले लाइन काटेर रु दुई करोड ५० लाखभन्दा बढी बक्यौता सङ्कलन गरेको छ। उक्त कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा लाइन काटेर रु दुई करोड ६८ लाख ४५ हजार सात सय बक्यौता सङ्कलन गरेको हो। केन्द्रका प्रमुख विजय रेग्मीका अनुसार एक हजार चार सय ३६ जना ग्राहकको लाइन काटिएकामा एक हजार दुई सय ७३ ग्राहकले बक्यौतावापतको रकम बुझाएका छन्। एक हजार चार सय ३६ ग्राहकबाट रु तीन करोड ५० लाख ५६ हजार छ सय ७४ बक्यौता उठ्नुपर्ने थियो तर, ७६ दशमलव ५७ प्रतिशत बक्यौता असुली भएको छ।

आर्थिक वर्ष २०७९/८० मा कार्यालयले नौ सय १८ ग्राहकको लाइन काटेकामा रु एक करोड ८४ लाख ६५ हजार चार सय ५२ बक्यौता सङ्कलन गरेको थियो। उक्त आर्थिक वर्षमा सात सय ८६ ग्राहकको लाइन बक्यौता रकम तिरेपछि पुनः जडान गरिएको थियो। त्यतिबेला रु तीन करोड ६४ लाख ५७ हजार छ सय ८२ बक्यौता उठ्नुपर्ने थियो।

केन्द्रले आर्थिक वर्ष २०८०/८१ मा रु ५३ करोड ९४ लाख ३१ हजार छ सय १३ बराबरको विद्युत बिक्री गरेको छ। रेग्मीका अनुसार त्यस अवधिमा रु ५४ करोड २० लाख ६० हजार दुई सय ७८ विद्युत रकम सङ्कलन भएको थियो।

केन्द्रले त्यस वर्ष सात दशमलव ९२ प्रतिशत विद्युत् चुहावट नियन्त्रणको लक्ष्य राखेकामा १२ दशमलव ७९ प्रतिशत विद्युत् चुहावट नियन्त्रण गरेको थियो। विद्युत् चुहावट नियन्त्रणका लागि केन्द्रले नचलेका मिटर निःशुल्क बदली, नाङ्गो तार हटाइ केबल विस्तार, कन्डक्टर साइज स्तरोन्नति, ट्रान्सफर्मर लोड सेन्टर थपलगायत काम गरेको प्रमुख रेग्मीले बताउनुभयो।

# क्यान्सरबाट प्रभावित रिमाललाई रानीपौवा महिला समुहद्धारा सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ५ भदौं

क्यान्सर रोगबाट प्रभावित हुनु भएको गोकुल रिमाललाई पोखरा ११ को रानीपौवा महिला समुहले आर्थिक सहयोग गरेको छ।

महिला समुहबाट संकलित ४४ हजार ४ सय ६५ रुपैया बुधबार पोखरामा एक समारोहका बिच रिमाललाई महिला समुहकी सचिव लिलादेवी पौडेल, कोषाध्यक्ष झलक अधिकारी सहितको अन्य सदस्यहरुले हस्तान्तरण गर्नु भएको हो। ८१ जना महिला समुह र अन्य केही सहयोगीहरुबाट उक्त रकम संकलन भएको सचिव पौडेलले जनाउनु भयो। रिमालको स्वास्थ्य उपचारमा थप सहयोग हुने उद्धेश्यले आफुहरुले सानो सहयोग गरेको उहाँको भनाई थियो। महिला समुहले न्यूनतम २० रुपैया देखि ५ हजार १ सय ५ रुपैयासम्म प्रति व्यक्तिको सहयोगमा उक्त रकम संकलन गरेको हो। महिला समुहमा हाल ७१ जना सदस्य आबद्ध भएको



कोषाध्यक्ष अधिकारीले जनाउनु भयो।

बर्दीया घर भई विगत डेढ दशक देखि पोखरामा ट्याक्सी चलाउदै आउनु भएको ४४ बर्षका रिमालको थप स्वास्थ्य उपचारको लागि सहयोगी मनहरुमा सहयोगको आव्हान समेत गरिएको संस्थाका अध्यक्ष वेवी श्रेष्ठ (गोंगजु) ले बताउनु भयो। तेश्रो बर्षमा प्रबेश गरेको संस्थाले यस अघि आँखा शिविर, फेवाताल सरसफाई, ट्राफिक सचेतना, टोल सरसफाई, डेंगू सचेतना अभियान, गाईजात्रा तथा बाह्र भैरव नृत्यमा सहयोग सहित अन्य महत्वपूर्ण सामाजिक कार्यमा सहयोग र सहकार्य गर्दै आएको अध्यक्ष गोंगजुले बताउनु भयो। रिमाललाई विगत २ महिना अघि मात्र दाँतबाट क्यान्सर रोग लागेको पहिचान भएको उहाँको परिवारले बताउनु भएको छ। रिमालको एउटा शल्यकृया भए पनि रेडियसन गर्न र क्म्बु लगाउन करिब ५ लाख रुपैया आवश्यक भएको उहाँले जनाउनु भयो। एक श्रीमती र दुई छोरीको पालन पोषणमा ट्याक्सी हाक्दै हिड्ने गर्नु भएको रिमाल परिवारले हाल सहयोगी मनहरु खोजि रहेको महिला समुहले उल्लेख गर्नु भएको छ।

# लेक लागेर...

मर्दी हिमालको पदयात्राका क्रममा बेपत्ता हुनुभएका स्विडिस नागरिकको मानव अवशेष सात महिनापछि गत साउनमा फेला परेको उहाँको भनाइ छ। "लामो दुरीको पदयात्रामा निक्कँदा एक्लै जानुहुँदैन, समूहमा या पथप्रदर्शक लिएर मात्र हिँडनुपर्छ", प्रमुख डा कडरियाले भन्नुभयो, "ट्रेकिङ एजेन्सीमार्फत पदयात्रामा जानु उपयुक्त हुन्छ।" अन्नपूर्ण क्षेत्रमा गत आवमा दुई लाख २२ हजार एक सय ८० विदेशी पर्यटक भित्रिएका थिए। जसमध्ये एसियाली मुलुकका एक लाख १७ हजार आठ सय ४५ र अन्य मुलुकका एक लाख चार हजार दुई सय ५६ पर्यटक रहेका छन्।

आयोजना कार्यालयका अनुसार सबैभन्दा बढी गत चैतमा ३५ हजार दुई सय ६५ र सबैभन्दा कम साउनमा जम्मा पाँच हजार चार सय एक पर्यटकले सो क्षेत्रको भ्रमण गरेका थिए। प्रमुख डा कडरियाले अघिल्लो आव २०७९/८० को तुलनामा झण्डै ५० हजार बढी पर्यटक गत आवमा भित्रिएको बताउनुभयो। सो आवमा दक्षिण एसियाली मुलुकका ८९ हजार सात सय ७७ र अन्य मुलुकका ८२ हजार सात सय ३३ गरी कुल एक लाख ७२ हजार पाँच सय दस पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएका थिए। सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा समेटिएका छन्। अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सम्भयता, संस्कृति आदि कारणले देशविदेशका पर्यटकको रोजाइमा पर्ने गरेको छ।

# घाटामा जाने उद्योगहरू नचलाउनुस् : प्रधानमन्त्री ओली

**रासस**
काठमाडौं, ५ भदौं

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारले चलाएका कुनै पनि उद्योग र संस्थान घाटामा जान नहुने बताउनुभएको छ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र मातहतका निकायसँग सम्बन्धित विषयमा बुधबार भएको ब्रिफिङमा प्रधानमन्त्री ओलीले उद्योगका लागि सडक बाटो, बिजुलीलगायत पूर्वाधारका वातावरण तयार भइसकेकाले अब औद्योगिकीकरणमा लाग्न आग्रह गर्नुभयो। "सानासाना लगानीमा धेरै कृषिमा आधुनिकीकरण र स्टार्टअप उद्योग खोलेर बेरोजगारीलाई रोजगारी दिन सकिन्छ। उत्पादन बढाएर आयात विस्थापन गर्न सकिन्छ," प्रधानमन्त्री ओलीले भन्नुभयो, "नचल्ने र घाटामा जाने उद्योग चलाउन बल नगरौं। डुब्ने र प्रतिफल नदिने उद्योग नचलाऔं।"


## दूषित पानीका कारण हुने रोगप्रति सजग रहौ

फोहोर पानीको प्रयोगले झाडापखाला, हैजा, टाइफाईड, आउँ, जण्डिसजस्ता रोगहरु लाग्न सक्छन्।

त्यसैले:

- ◆खोला, धारा वा मूलको पानी सिधै नपिऔं,
- ◆पानी उमालेर मात्र पिऔं,
- ◆उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर पिऔं,
- ◆पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
- ◆भाँडाहरु सफा पानीले पखालौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- ● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- ● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- ● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- ● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

- » शरिरको एक हर नचल्ने।
- » मुख बाङ्गो भएको।
- » खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
- » हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

कला भनेको सिर्जनात्मक कल्पनाद्धारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# वाढी पहिरोले जनजीवन प्रभावित

बुधबार बिहानको रातिदेखि परेको अविरल वर्षाले देशभरको जनजीवन प्रभावित भएको छ । जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार देशभर अधिकांश ठाउँमा वर्षा भइरहेको छ । बाग्मती, गण्डकी र सुदूरपश्चिम प्रदेशसँगै बाँकी प्रदेशका एक-दुई स्थानमा मेघ गर्जन-चट्याङ्गसहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ । कोशी, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थान तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघ गर्जनसहित हल्कादेखि मध्यम वर्षा दिनभर हुने पूर्वानुमान गरिएको छ । महाशाखाका अनुसार बुधबार रातिसम्म देशभर आंशिकदेखि साधरणतया बदली भइरहेको छ । काठमाडौँ उपत्यकामा रातिदेखि परेको पानीले जनजीवन प्रभावित भएको छ ।

लगातारको वर्षाले कोशी, नारायणी, बागमती, कर्णाली, महाकाली नदीमा पानीको सतह खतरा तह नजिक पुगेको छ । बाढी पूर्वानुमान महाशाखाका अनुसार साना तथा ठुला नदीमा पानीको बहाव बढेको छ । काठमाडौँ उपत्यकामा लगातार वर्षा भइरहेकाले बागमती, विष्णुमती, धोविखोला, गोदावरी र हनुमन्तेमा बाढीको जोखिम रहेको महाशाखाले जनाएको छ । बाढी पूर्वानुमान महाशाखाका अनुसार बारा, पर्सा, सिन्धुली, मकवानपुर, चितवन, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काठमाडौँ, ललितपुर, भक्तपुर, काभ्रेपलान्चोक, कास्की, पर्वत, बागलुङ, ब्याग्दी, बर्दिया, डोटी, डडेलधुरा, कैलाली र कञ्चनपुरका साना तथा ठुला नदीमा पानीको बहाव बढेको छ ।

खराब मौसम तथा कम भिजिबिलिटीका कारण आन्तरिक र अन्तर्राष्ट्रिय दुवै क्षेत्रका केही उडान प्रभावित भएको त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलले जनाएको छ । विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाका अनुसार निरन्तरको वर्षाले केही उडान प्रभावित भएका हुन् । बुधबार बिहान अन्तर्राष्ट्रियतर्फ एयर चाइनाको विमान 'डाइभर्ट' भएको थियो । पोखराबाट काठमाडौंका लागि उडेको बुद्ध एयरको जहाज भैरहवा डाइभर्ट भएको थियो । हाल देशभर मनसुनी वायुको प्रभाव रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले मनसुनको न्यून चापीय रेखा सरदर स्थानको केही उत्तर दिशातर्फ रहेकाले देशभर आंशिकदेखि साधरणतया बदली रहेको जनाएको छ ।

लगातारको वर्षा र पहिरोले केही राजमार्गसमेत अवरुद्ध भएका छन्। पृथ्वी राजमार्गको तनहुँ घाँसीकुवा नेर पहिरो खस्दा सडक अवरुद्ध भएको छ । ठूलो पहिरो खसेको कारृण पहिरो पन्छाउन समय लाग्ने भएको छ । त्यसैगरी डुम्रे बेंशीशहर पनि पहिरोले अवरुद्ध पारेको छ । पहिरो खस्दा नागढुङ्गा-नौबिसे सडकखण्ड अवरुद्ध छ । धादिङ जिल्लाको नागढुङ्गाबाट झण्डै दुईसय मिटर नौबिसेतर्फ पहिरो जाँदा सडक अवरुद्ध भएको हो । अविरल वर्षाले सिद्धार्थ राजमार्ग अवरुद्ध भएको छ। स्याङ्जा सडक खण्डअन्तर्गत वालिङ नगरपालिका-८ मा पहिरोका कारण राजमार्ग अवरुद्ध भएको हो। बाढीका कारण कैलालीमा हुलाकी राजमार्ग अवरुद्ध भएको छ । कैलारी गाउँपालिका-५ स्थित पुरानो मनिकापुर सडक खण्डमा राजमार्ग अवरुद्ध भएको छातराईमा भारतले एकतर्फी रुपमा बनाएका बाँधका कारण बस्ती र खेती डुवानमा परेका छन ।

मनसुनी वायु सक्रिय रहेकाले देशैभर आगामी शुक्रबारसम्मै वर्षा हुने जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । मनसुनको न्यून चापीय रेखा सरदर स्थानको केही उत्तर दिशातर्फ अवस्थित रहेकाले देशैभरको मौसममा बदली भएको छ । वर्षा हुने क्रम शुक्रबारसम्मै जारी रहने छ । विभागले एक बुलेटिन जारी गर्दै बुधबार राति कोशी, लुम्बिनी र कर्णाली प्रदेशका एकदुई स्थानमा भारी वर्षाको सम्भावना रहेको बताएको छ ।

विहीबार पनि दिनभर पानी पर्ने र कोशी, मधेश, लुम्बिनी प्रदेशका थोरै स्थान र बाँकी प्रदेशका एकदुई स्थानमा भारी वर्षा हुने विभागको पूर्वानुमान छ । शुक्रबार भने कोशी, मधेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एकदुई स्थानमा भारी वर्षा हुने उसको भनाइ छ । बुधबार रातिदेखि शुक्रबार रातिसम्मै मनसुन सक्रिय हुने भएकाले सोपछि मात्रै विस्तारै मौसममा सुधार हुने विभागको भनाइ छ । कोशी, मधेश, लुम्बिनी र कर्णाली प्रदेशका थोरै स्थान तथा बाँकी प्रदेशका एकदुई स्थानमा भारी वर्षाको सम्भावना रहेकाले पहिरो र बाढीको जोखिमबाट बच्न विभागले सबैमा अपिल गरेको छ । बाढी पहिरोबाट राति गुहार पाउन नसकिनेहुँदा सचेतना आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : शुभ यात्रा | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नेवार समुदायमा जात्राको रौनक

**रामबहादुर थापा**
पोखरा, ५ भदौं/रासस

सदियौँ पुराना पर्व र परम्परालाई यहाँका नेवार समुदायले निरन्तरता दिइरहेका छन् । जनैपूर्णिमाको भोलिपल्टदेखि ती समुदायमा भदौरे जात्राको रमझम सुरु हुन्छ । ठूला चाडबाड आउनुअघि चल्ने यस्ता सांस्कृतिक जात्रा र नाचले छुट्टै रौनक ल्याउने गर्छ । नेवार जातिको लोकप्रिय नाच लाखे भने घण्टाकर्ण पर्वदेखि नै नचाउन सुरु हुन्छ ।

गत साउन २६ गते लाखे नाचले संस्कृतिमय पोखराको झल्को दियो । नेवाः खलः कचा पृथ्वीचोकले आयोजना गरेको लाखेनाच प्रतियोगितामा २० कलाकार समूहले भाग लिए । तीन समूह अप्रतियोगीका रूपमा मञ्चमा प्रस्तुत भए । पोखरा प्रदर्शनी केन्द्रमा दिनभर लाखेनाचको रौनक चल्यो । कलाप्रेमीले लाखे हेर्दै नेवारी परिकारको स्वाद लिए । दर्शकलाई नेवारी परिकार चखाउन प्रतियोगितास्थलमै 'झो भ्वयः' को प्रबन्ध गरिएको थियो । प्रतियोगितामा पोखराको मोहरिया सिंहनाथ टोल तायःमचाः समिति प्रथम, रामकृष्ण टोल ल्याम्ह पुचः दोस्रो, समाज कल्याण नेवाः खलः राजाको चौतारा तेस्रो र ग्रैहापाटन नेवाः समाज सान्त्वना भयो । विजेता समूहले क्रमशः रु ५५ हजार पाँच सय ५५, रु ३३ हजार तीन सय ३३, रु २२ हजार दुई सय २२ र ११ हजार एक सय ११ नगद पुरस्कार जिते । लाखे नाचको संरक्षण र पुस्तान्तरणको ध्येयले प्रतियोगिता आयोजना गरिएको मूल संयोजक सुरेन्द्रप्रसाद श्रेष्ठले बताउनुभयो ।

लाखेनाच घण्टाकर्ण पर्वमा सुरु गरी तीजमा अस्ताउने चलन छ । राजाका सिपाहीले घण्टाकर्ण नाम गरेका राक्षसलाई मारेपछि पति बियोगमा व्युहल बनेकी उनकी श्रीमती लाखे बनेर नाचेको किंवदन्ती पाइन्छ । त्यसकै प्रतीकस्वरुप नेवार समुदायले बर्सेनि लाखेनाच प्रदर्शन गर्दै आएका छन् । नेवार समुदाय बसोबास गर्ने ठाउँअनुसार फरक-फरक तरिकाले लाखेनाच नचाउने गरिन्छ । लाखेनाचको प्रचलन र यसको इतिहासबारे पनि विभिन्न तर्क पाइन्छन् । लाखेनाचमा हिँडाउने, पद् ताल, भोटेसेलो र झ्यारी गरी चार ताल हुन्छन् । राक्षसको स्वरुप झल्कने मुकुट र देवी वस्त्रसहित कलाकारलाई सिङ्गारेर लाखे नचाउने गरिन्छ । नेवार समुदायको बसोबास रहेको बागलुङ सदरमुकाममा पनि अहिले लाखेलगायत नाच प्रदर्शन भइरहेका छन् । बर्खे नाचलेसमेत चिनिने भदौरे जात्रा आजदेखि सुरु भएको छ । जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म भदौरे जात्रा निकाल्ने प्रचलन रहेको नेपाल भाषा मंकाः खलः बागलुङ्का अध्यक्ष मुकेशचन्द्र राजभण्डारीले बताउनुभयो । भदौरे जात्राअन्तर्गत लाखे, बास्सा, रोपाइँ, होवा, जोगी, कटुवाल, घोडालगायत नाच तथा झाँकी प्रदर्शन हुने उहाँको भनाइ छ । गाईजात्रा पर्वका अवसर पारेर वर्ष दिनभित्र दिवङ्गगत भएका आफन्तको सम्झनामा तायामचाः र बास्सा नाच निकाल्ने गरिएको उहाँले बताउनुभयो । बागलुङ्का नेवार समुदायले आफ्नो पुस्तैनी संस्कृतिका रूपमा जात्राको परम्परालाई धान्दै आएका छन् । यहाँ नेपाल भाषा मंका खलः र शाक्य कल्याण समाजको अगुवाइमा भदौरे जात्रा र नाचको परम्परा धानिँदै आएको छ । लाखे र जोगीनाच शाक्य कल्याण समाजले निकाल्दै आएको छ । अन्य नाच नेपाल भाषा मकां खलःअन्तर्गत संरक्षित छन् । नेवार युवाहरूको संस्था नेवाः ल्याम्ह पुचः पनि जात्रा संरक्षणमा सक्रिय छ । झण्डै चार सय वर्षअघि भक्तपुर, धुलिखेलरभादगाउँबाटबागलुङआएका नेवार जातिले भदौरे जात्राको प्रचलन बसालेको संस्कृतिकर्मी प्रेम छोटाले बताउनुभयो । "भाइचारा, मेलमिलाप, सामाजिक सन्देश र मनोरञ्जनको माध्यमको रूपमा जात्रालाई लिइन्छ", उहाँले भन्नुभयो, "जात्राभित्र विभिन्न परम्परा झल्कने गीत, नाच प्रदर्शन हुने गरेको छ, गाईजात्रा पर्वको दिनदेखि नै बर्खेनाच निकाल्न सुरु हुन्छ ।" भदौरे जात्रामा देखाइने हरेक नाचका आ-आफ्नै परम्परा र ऐतिहासिक मान्यता छन् । घोडा नाचमा मानिसलाई घोडाको आकृति दिएर टिन र झ्यालीको तालमा जिस्क्याउँदै बजार परिक्रमा गराउने चलन रहेको संस्कृतिकर्मी छोटाले बताउनुभयो । कटुवाल नाचमा पनि युवाहरू विभिन्न रुपका मुखुन्डो धारण गरेर मृदङ्गको तालमा नाच्ने र कटुवालको भूमिका निभाउनेले रोपाइँको सन्देश दिने चलन छ । हली, बाउसे र खेतालालाई रोपाइँको सन्देश दिन कटुवाल नाच निकाल्ने गरिन्छ । कटुवाल नाचपछि हुने रोपाइँ नाच पनि यहाँको पुरानो जात्रामध्येमा पर्छ । रोपाइँ नाचमा नेवार समुदायका युवा, वयस्कहरू महिलाको भेष धारणा गरेर नाचमा सहभागी हुन्छन् । हातमा धानको बीउ समातेर असारे भाकामा गीत गाउँदै बजार परिक्रमा गर्छन् । असारे नाचमा पनि आफ्ना भावना, विचारलाई गीतको माध्यमबाट स्वतन्त्र ढङ्गले प्रस्तुत गर्ने गरिन्छ ।

जोगी नाच भदौरे जात्राको अर्को आकर्षण हो । नेवारभित्रको शाक्य समुदायले यसको संरक्षण गर्दै आएको छ । जोगीको भेषमा सजिएर बाजाको विभिन्न तालमा लस्कर लागेर नाच्ने प्रचलन छ । जोगी नाचले सामाजिक एकता, भाइचारा बढ्ने, आसुरी प्रवृत्तिको नाश हुने र सहकाल आउने विश्वास गरिन्छ । जोगीनाचमा धेरै कलाकार चाहिने र खर्चिलो हुने हुँदा संरक्षणमा चुनौती रहेको शाक्य कल्याण समाजका अध्यक्ष राजन शाक्यले बताउनुभयो । जात्राले गीत, नृत्य र अभिनयबाट व्यङ्ग, पौराणिक कथा, जनजीवनका भोगाइ र स्वस्थ मनोरञ्जनलाई समेट्ने गरेको संस्कृतिकर्मी छोटाले बताउनुभयो । प्रायः नाच गाईजात्राकै भिन्न स्वरुपजस्ता देखिने गरेको उहाँको भनाइ छ । "जात्राले सामाजिक विकृति, विसङ्गतिप्रति व्यङ्ग मात्र गर्दैन", उहाँले भन्नुभयो, "मौलिक र परम्परागत मूल्य, मान्यताले पनि यो सुसज्जित छ ।" सबै भदौरे नाचको कथा, पृष्ठभूमि, स्वरुप र शैली भने बेग्लाबेग्लै छ । गाईजात्राका दिन निकालिने तायामचाः र बास्सा नाच दिवङ्गत आफन्तको सम्झना र मोक्ष प्राप्तिको कामनासहित निकाल्ने गरिन्छ । बास्सा नाचमा देवी, देवताको वेशभूषा र बान्कीमा सजिएर भगवान् राम, कृष्ण, विष्णु आदिका लीला प्रदर्शन गर्ने चलन छ । नेपाल भाषा मंकाः खलःका अध्यक्ष राजभण्डारीले पहिलेपहिले भदौरे नाच हेर्नकै लागि मानिसहरू गाउँगाउँबाट बागलुङ बजार झर्ने गरेको बताउनुभयो । "दिनभर जात्रामा रमाउने र चाडबाडलाई किनमेल गरेर साँझ घर फर्कने चलन थियो", उहाँले भन्नुभयो, "ग्रामीण बजार, सडकको विस्तार आदिले अहिले त्यो चलन हट्यो ।" पछिल्लो समय जात्राको रौनक खुम्चदैँ गए पनि संस्कृति र परम्परा जोगाउन नेवार समुदाय लागिपरेको छ । बागलुङ्को हरिचौर, हटिया, बलेवालगायत नेवार जातिको बसोबास रहेका ठाउँमा पनि बर्खे नाच देखाउने गरिन्छ । संरक्षण अभावमा कतिपय नाच भने हराएर गएको नेवार अगुवा बताउँछन् । "पुस्तान्तरणको अभावमा कतिपय परम्परागत नाच सङ्कटमा छन्, अहिले आप्रवासन बढ्दो छ, युवापुस्ता बाहिर छ, यसले पनि पुरानो संस्कृति संरक्षणमा चुनौती थपेको छ", अध्यक्ष राजभण्डारीले भन्नुभयो, "नयाँ पुस्तालाई पनि आफ्नो इतिहास, भाषा, कला र संस्कृतिबारे बुझाउनुपर्ने खाँचो छ ।" म्याग्दी सदरमुकाम बेनी बजारमा पनि साउन शुक्ल चतुर्दशीमा पर्ने घण्टाकर्ण पर्वदेखि बर्खेनाच सुरु भएको नेपाल भाषा मंकाः खलःअन्तर्गतको नेवाः ल्याम्ह पुचःका अध्यक्ष जेनेश श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार बर्खेनाचमा लाखे, नागनागिनी, घोडानाच, श्रीकृष्ण रथयात्रालगायत निकाल्ने गरिएको छ । नयाँ पुस्तामा पुरानो संस्कृतिप्रतिको मोह कम हुँदै जाँदा परम्परागत नाच संरक्षणमा चुनौती थपिएको अध्यक्ष श्रेष्ठको अनुभव छ । बेनीमा तीज पर्वसम्म बर्खेनाच देखाउने चलन छ । हिमालपारि मुस्ताङ र मनाङबाहेक नेवार समुदायको सघन बसोबास रहेका पोखरासहित तनहुँको दमौली, बन्दीपुर, पर्वतको कुश्मा गोरखालगायत जिल्लामा यतिबेला सांस्कृतिक नाच र जात्रा चलिरहेका छन् । बसाइँसराइ, युवाको विदेश पलायन, आधुनिकताको प्रभाव, मौलिक संस्कृतिप्रतिको अरुचिजस्ता कारणले पुरानो कला र संस्कृति जोगाउने चुनौती भने नेवार समुदायमा पनि थपिएको छ । समाजमा प्रचलित संस्कृति र परम्परा नास भएर जाने हुन् कि भन्ने चिन्ता नेवार अगुवाहरूलाई छ । नयाँ पुस्तालाई संस्कृति संरक्षणको ज्ञान र सीप हस्तान्तरण गर्नुपर्ने संस्कृतिकर्मी छोटाले बताउनुभयो ।

# भीरकोटमा बीमा सम्बन्धी जनचेतना

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ५ भदौं

स्याङ्जाको भीरकोट नगरपालिकाले बीमा सम्वन्धी अन्तरक्रिया सम्पन्न गरेको छ ।

बीमासम्बन्धीजनचेतना जगाउने उदेश्यले अन्तरक्रिया गरिएको हो । नेपाल बीमा प्राधिकरण गण्डकी प्रदेश कार्यालय पोखराको आयोजनामा स्थानीय सरकार तथा सरोकारवालाहरुसंग बीमा सम्बन्धी जनचेतना मुलक अन्तरक्रिया गरिएको भीरकोट नगरपालिकाले जनाएको छ । कार्यक्रममा नगरप्रमुख गोविन्दकुमार कर्माचार्यले कुनै पनि मानिसलाई समस्या नपर्दासम्म बीमाको उपयोगिता थाहा नहुँने बाए । बीमाले कसे खालको जोखिम बहन गर्न सक्छ भन्ने जनचेतना जगाउनु पर्ने आवश्यका रहेको नगर प्रमुख कर्मचार्यले बताए । भीरकोट नगरपालिकाले स्वास्थ्य बिमामा नागरिकलाई सहयोग गरेको भन्दै अन्य बिमाको विषयमा पनि नगरपालिकाले योजना बनाएर अगाडी बढ्ने बताए । भीरकोटमा कुनै पनि कम्पनीले शाखा कार्यालय स्थापना नगरेको भन्दै छिटो कार्यालय स्थापना गर्ने कम्पनीसंग नगरले सहकार्य गर्ने बताए । प्राधिकरणले भीरकोटलाई रोजेर यहाँका स्थानीय व्यापारी, बुद्धिजिवीलाई बिमा सचेतना कार्यक्रम गरेर स्रहानीय कार्य गरेको उपप्रमुख भगवती अर्यालले बताइन् ।

कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद कोईरालाले आफ्ना बीमा गरेपश्चात क्षति भएका पिडितहरुले छिटो राहत रकम दिनुपर्नेमा जोड दिए । कार्यक्रममा बिमा प्राधिकरणका सहायक निर्देशक सुन्दरप्रसाद शर्माले कार्यक्रमको बारेमा प्रस्ट पारेका थिए । कार्यक्रममा भीरकोट उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष नुवादत्त अर्याल, व्यापारी चिन्तामणी चापागाइँ, सुन्तला किसान शालिकराम अर्याललगायतले आफ्ना जिज्ञासा राखेका थिए । कार्यक्रममा बीमा प्राधिकरणका प्रदेश प्रमुख केशवप्रसाद दहालको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत बलराम लामिछानेले गरेका थिए भने संचालन सुमित गिरीले गरेका थिए ।


# लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना

**प्रकाशित मिति २०८१/०५/०६**

यस नेपाल आदर्श बहुउद्धेश्यीय सहकारी संस्था लि. हायर पर्चेज अन्तर्गत निम्न व्यक्तिलाई कर्जा लगानी गरेकोमा उहाँलाई यस कार्यालयले समय-समयमा तिर्न बुझाउन पर्ने साँवा, व्याज लगायतका वित्तीय संस्थाको लेना रकम नबझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघङ्न गर्नु भएको र पटक-पटक मौखिक, लिखित पत्र मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा, व्याज रकम भुक्तानी नगर्नु भएकोले यसअघि राष्ट्रिय दैनिक पोखरापत्रमा मितिः २०८०/०८/१९ गते ३५ दिने कर्जा चुक्ता गर्ने सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता नभएकोले उपरोक्त धित्तोमा रहेको बाईक जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्री गर्नका लागि सहकारी ऐन २०७४, सहकारी नियमावलि २०७५ र यस संस्थाको विनियम तथा ऋण निति २०७९ अनुसार लिलाम बिक्री गरी निज ऋणीबाट धनी संस्थाले असुल गर्न बाँकी रहेको लेना रकम असुल गरिने तथा सम्बन्धित ऋणी, व्याक्तिगत जमानीकर्ता समेतलाई कालोसूचिमा राखी कानुनी कारवाही समेत अगाडि बढाईने, साथै व्याक्तिगत जमानीकर्ता, तथा सरोकारवालाहरुलाई समेत यसै सूचना बमोजीम जानकारी गराईन्छ । उक्त धित्तो लिन ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र यस कार्यालय समयभित्र आईपुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

तपसिलः

| ऋणीको विवरण | जमानीको विवरण |
|---|---|
| नाम थर : श्री जित बहादुर पुन | नाम थर : श्री बाटुली पुन |
| बाबुको नाम : श्री बाबुराम पुन | बाबुको नाम : श्री खेम बहादुर दमै |
| बाजेको नाम : श्री डन्डीराम पुन | बाजेको नाम : श्री गुप्ते दमै |
| अस्थायी ठेगाना : वालिङ ०८, स्याङ्जा | अस्थायी ठेगाना : वालिङ ०८, स्याङ्जा |
| स्थायी ठेगाना : गुगौली ०१, रुपन्देही | स्थायी ठेगाना : गुगौली ०१, रुपन्देही |

| हायर पर्चेज विवरण (धित्तोको विवरण): | |
|---|---|
| कम्पनीको नाम : | BAJAJ |
| सवारीको मोडल : | PULSAR NS 200cc ABS |
| चेचिस नं. : | MD2A36FYOKCF97306 |
| ईन्जिन नं. : | JLYCKF11125 |
| संख्या : | 1 |
| दर्ता नं. : | LU 57 PA 3523 |
| न्युनतम मूल्य रु : | १,१५,०००/-(अक्षेरुपी एक लाख पन्ध्र हजार रुपैया मात्र /-) |

**लिलाम बिक्रीका शर्तहरु :**

१) लिलाममा अन्तिम पटक सबै भन्दा बढी कवोल गर्ने व्याक्तिले आफूले बोलेको कुल रकमको १०% ले हुन आउने रकम धरौटी तुरुन्तै सोही दिनमा दाखिला गर्नुपर्नेछ ।

२) धरौटी रकम बुझाईसकेपछि बाँकी रकम ७ दिनभित्र बुझाउनुपर्नेछ नबुझाएमा धरौटी रकम जफत हुनेछ । त्यसपछि दास्रो बढि रकम कवोल गर्नेलाई मौका दिईनेछ ।

३) धित्तो सुरक्षण रहेको सम्पत्ति लिलाम बिक्रीमा सकार गरि लिनेले दाखिला/खारेज गर्दा लाग्ने शुल्क नगद दस्तुर वापतको रकम सवै आफैले व्यहोर्नुपर्नेछ ।

४) यस सस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खोलेको दिनमा तोकिएको समयमा हुनेछ ।

५) बोलपत्र सदर वा वदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा तथा अन्य दै-दस्तुर बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरि धरौटी रकम फिर्ता दिन सकिनेछ ।

६) धित्तो लिलाम बिक्री हुदाँ गोप्य शिलबन्दीमा कसैले भाग नलिएमा सँस्था आफैले धित्तो सकार गरि लिनेछ ।

**धित्तो लिलाम हुने मिति, समय र स्थान :**

**लिलाम हुने मिति : २०८१ साल आश्विन १० गते**

**स्थान : नेपाल आदर्श बहुउद्धेश्यीय सहकारी संस्थाको कार्यालय**

**ठेगाना : वालिङ ०८, वि.पि.चोक, स्याङजा**

**समय : दिनको ३:०० बजे**

**नेपाल आदर्श बहुउद्धेश्यीय सहकारी संस्था. लि.**

**वालिङ-८, वि. पि. चोक, स्याङ्जा**

# मकै र कोदो खेतीको विकल्पमा किवी

पोखरापत्र संवाददाता
म्याग्दी, ५ भदौं

किबी खेतीमा संलग्न हुनुहुन्थेन भने बेनी नगरपालिका-३ भकिम्लीका ४१ वर्षीय लालबहादुर पुन यतिबेला युरोप, अमेरिका र खाडीका कुनै देशमा श्रम र पसिना बगाइरहेको हुनुहुन्थ्यो ।

विस. २०७५ मा बेलायत जाने तयारी गरेका लालबहादुरको योजना वडा कार्यालयले सञ्चालन गरेको किवी खेती सम्बन्धी तालिममा सहभागी भएपछि स्थगित भयो । “दुई वर्ष मलेसीया र एक वर्ष बहराईनमा काम गरेर आएपछि आफन्त मार्फत बेलायत जाने भिसा पनि लागेको थियो,” उहाँले भन्नुभयो “बेलायतको राहदानी त्यागेर शुरु गरेको किबी खेतीले सफलता मिल्न थालेको छ । घरपरिवारसँगै बसेर रोजगार र आत्मनिर्भर हुन पाएकोमा सुखी र सन्तुष्ट छु ।”

सचिन्द्रा कृषि तथा पशुपंक्षी फार्म खोलेर मकै र कोदोको विकल्पमा करिब १७ रोपनी पाखोबारीमा लगाएको २५० बोट किबीले आम्दानी दिन थालेको छ । गत वर्ष प्रतिकिलो रु. दुई सय ५० का दरले दश क्विन्टल किवी बेचेका पुन यसपाली राम्रो फल लागेकाले उत्पादन र आमदानी बढ्ने आशामा हुनुहुन्छ । किबी खेतीसँगै फर्निचर उद्योग पनि सञ्चालन गरेका पुनले आफू र श्रीमती बाहेक तीन जनालाई रोजगारी दिनुभएको छ । बाख्रापालन पनि सहायक पेशाको रुपमा रहेको छ । कृषि ज्ञान केन्द्र, बेनी नगरपालिकाको कृषि शाखा र वडा कार्यालय मार्फत प्राबिधिक तालिम, निशूल्क र अनुदानमा किबीका बिरुवाका साथै सिंचाइका लागि ड्रम सहयोग गरेका छन् । बेनी नगरपालिका-३ का वडा अध्यक्ष पदम पुनका अनुसार भकिम्लीका २० जना भन्दा बढीले व्यवसायिक किबी खेती गरेका छन् । “हावापानी र भूगोल अनुकुल भएकाले भकिम्लीको माथिल्लो क्षेत्रमा किवी र तल्लो भेगमा सुन्तला खेती प्रर्वद्धनमा जोड दिएका छौ,” उहाँले भन्नुभयो “किवी र सुन्तला खेती गरेका मध्य धेरैजसो विदेशबाट फर्किएका युवाहरु छन् । ब्यवसायिक कृषिमा आवद्ध गराएर युवाहरुलाई विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्ने प्रयास गरेका छौ ।” लछु पुनले दश वर्षअघि भकिम्लीमा किवी खेती भित्र्याउनु भएको थियो । अनुकुल हावापानी, खेती गर्न सजिलो र छिटो आम्दानी लिन सकिने भएकाले उच्च पहाडी भूगोलमा अवस्थित भकिम्ली, मुसुङ, डोले, मड्केना, छाप टोलमा व्यवसायिक किवी खेती विस्तार गरेका छन् ।

लगाएको तेस्रो वर्षबाट एउटा बोटमा ५० देखि ७० किलोग्रामसम्म फल लाग्ने गर्छ । समुद्री सतहदेखि १ हजार ५०० देखि २ हजार मिटरको उचाइमा किबी खेति गर्न सकिने बेनी नगरपालिकाको कृषि अधिकृत आकृति ढुंगानाले बताउनुभयो । पाचन प्रक्रियालाई सहयोग गर्ने किबीबाट जाम र वाइन बनाउन सकिन्छ । अमिलो र गुलीयो स्वाद पाइने किबीलाई नेपालीमा ठेकी फलको रुपमा चिन्ने गरिएको छ । किबी चिनमा विकास भएको फलफूल हो । न्युजील्याडले किबीलाई प्रमुख फलफूलबालीको मान्यता दिएको छ । सोयु, ब्रुनो, हेवार्ड, आलीसान, टोमरी, मन्टी जातको किवीको बिरुवाको मूल्य सरकारी दररेट अनुसार प्रतिगोटा रु. एक सय छ । निजी नर्सरीबाट रु. तीन सय सम्ममा बिक्री हुन्छ । प्रति आठ वटा पोथी बिरुवा बराबर एक वटा भाले किबीका बिरुवा लगाउनुपर्छ । लहरा भएर फैलिने किबी एक रोपनीमा १५ सम्म किबीका बिरुवा लगाउन सकिन्छ । फुल खेल्ने बेलामा असिनाबाट जोगाउनु किवी खेतीको मुख्य चुनौति हो । किबीलाई बजारीकरण र सुरक्षित भण्डारण गरेर बेमौसममा बजारमा लैजानका लागि चिस्यानगृह स्थापनाका लागि पहल गरेको वडा अध्यक्ष पुनले बताउनुभयो ।

# ताराखोले आलु उत्पादनमा ह्रास

पोखरापत्र संवाददाता
बागलुङ, ५ भदौं

बागलुङको वर्षे आलु उत्पादन अघिल्लो वर्षको तुलनामा पाँच प्रतिशतले घटेको छ ।

गत वर्षको कात्तिकदेखि वैशाखसम्मको खडेरीले वर्षे आलु उत्पादन पाँच प्रतिशत घटेको कृषि ज्ञान केन्द्र बागलुङका बागवानी विकास अधिकृत कुमार पुनले बताउनुभयो । विशेषगरी ताराखोला र ढोरपाटनमा लगाइएको आलुमा कमी आएको हो । बागलुङको ताराखोला र ढोरपाटनमा हिउँदमा लगाएर बर्खामा आलु खन्ने गरिन्छ । कात्तिकमा लगाएर फागुन-चैतमा खन्ने आलुमा भने खासै असर परेको छैन । ताराखोले आलुको स्वाद र तत्कालै नबिग्रने हुँदा धेरैको रोजाइमा पर्ने गरेको अधिकृत पुन बताउनुहुन्छ । गाउँपालिकाका कृषि शाखा प्रमुख सञ्जीव थापाका अनुसार आर्थिक वर्ष २०८०/८१ मा ताराखोलाभित्र तीन हजार दुई सय ९७ मेट्रिक टन आलु फलेको छ । कुल एक सय ८४ हेक्टरमा किसानले आलु लगाएको शाखाको तथ्याङ्क छ । रासायनिक मल प्रयोग नगरेकाले उपभोक्ताले पनि ताराखोलाको आलु भनेपछि खोजीखोजी खाने गरेका हुन् । खडेरीकै कारण उत्पादन भने कमी भएको थापाले बताउनुभयो । ताराखोला-२ अर्गलका किसान अमृत घर्तीले आलुलाई उपयुक्त वातावरण भएकाले मिठो भए पनि यस वर्ष उत्पादनमा समस्या आएको बताउनुभयो । विकासे आलु प्रयोग नगर्ने, रासायनिक मल नहाल्ने र जैविक मल प्रयोग गर्दा आलुको स्वाद मिठो भएको घर्तीको अनुभव छ । यसका कारण किसानले आलुको बजार खोज्नै नपरेको हो । तर खडेरीलगायत समस्यामा राज्यले साथ दिनुपर्ने उहाँले बताउनुभयो । घर्तीका छिमेकीले पनि आलु फलाएर जिप र ट्र्याक्टरमा बजार पठाउने गरेका छन् । बागलुङ बजारका ठूला र होलसेल व्यापारीले ताराखोलाको आलु भनेपछि गाडी पठाएर ल्याउने गर्छन् ।

कृषि ज्ञान केन्द्रले पनि ताराखोला, काठेखोला र ढोरपाटन क्षेत्र आलुका लागि विशेष क्षेत्र मानेर उत्पादनमा सहयोग गर्दै आएको छ । तर खडेरी, अतिवृष्टि र असिनाको क्षतिमा न्यूनीकरण गर्न नसकेको हो । “असिनाले क्षति भएमा केही राहत दिने कार्यक्रम भए पनि रोक्ने वा उत्पादन जस्ताको त्यस्तै बनाउने काम भने गर्न सकिएको छैन”, पुन भन्नुहुन्छ, “व्यवस्थापन गर्न सके हालको उत्पादनबाट २० प्रतिशतसम्म आलु बढाउन सकिन्छ ।” केन्द्रको तथ्याङ्कमा पनि हरेक वर्ष बागलुङमा ४० हजार मेट्रिक टनसम्म आलु उत्पादन हुने गरेको छ । बागलुङमा हिउँदमा २३ हजार नौ सय मेट्रिक टन र बर्खामा ११ हजार छ सय ९४ मेट्रिक टन गरी ३५ हजार मेट्रिक टन आलु बजारमा आउने गरेको हो । त्यसबाहेक घरघरमा खाने र गाउँमै बिक्री हुने आलुको तथ्याङ्क छैन । यो वर्ष खडेरी धेरै परेको र वैशाखमा असिना पर्दा आलुमा समस्या आउँदा उत्पादन घटेकाले आयात बढ्ने निश्चित छ । जिल्लामा उत्पादित आलुले वर्षको नौ महिनासम्म थेग्ने गरे पनि तीन महिनाका लागि आयात गर्नुपर्छ ।

# रेन्टरटेनमेन्टको छैटौं संस्करण आयोजना हुने

पोखरापत्र संवाददाता
पोखरा, ५ भदौं

पोखरामा सांगीतिक कार्यक्रम तथा डान्स पार्टी ‘रेन्टरटेनमेन्ट’ आयोजना हुने भएको छ ।

वर्षेनी भरीको मौसमको छेको पारेर व्यञ्जन रेस्टुरेन्टले गर्दै आएको मनोरञ्जनात्मक कार्यक्रमको छैटौं संस्करण आउँदो शुक्रबार लेकसाइडस्थित व्यञ्जनमा र शनिबार पामेस्थित दि बिच बारमा हुने कुरा आयोजकले बताए । कार्यक्रममा सहभागीले लाइभ म्युजिक, डान्स, फेशन सो र भरीको फ्युजन महशुस गर्न पाउने व्यञ्जनका व्यवस्थापक तथा कार्यक्रम संयोजक मनोज भट्टले बताए । ‘ग्राहकहरुको लागि मनोरञ्जनको प्याकेज हुने नै भयो, सँगै यस इभेन्टले आन्तरिक मात्रै नभएर बाह्य पर्यटकलाई समेत पोखरातिर आकर्षित गर्ने विश्वास लिएको छु ।’ उनले भने ।

आयोजक एवम् व्यञ्जन रेस्टुरेन्टका सञ्चालक वैभव पौडेलले पोखरा क्षेत्र नेपालको सबै भन्दा पानी पर्ने ठाउँ भएकोले पानीसँग पोखरा र पर्यटनलाई जोडेर यस्तो कार्यक्रम गर्न लागेको कुरा सुनाए । ‘जुन, जुलाई निकै पानी पर्ने समय हो । यति नै बेला यहाँको पर्यटन निकै सुस्त हुन्छ । यही कुरालाई मध्यनजर गरेर पर्यटन प्रवर्द्धन होस् भनेर कार्यक्रम गर्न लागेका हौँ’ उनले भने,’ त्यो दिनमा आकाशबाट पानी नपरेपनि कृत्रिम बर्षा गराएर कार्यक्रम गर्नेछौं । रेन्टरटेनमेन्ट आफैँमा एउटा ब्रान्डको रूपमा स्थापित भइसकेको कुरा बाराही ग्रुपका कर्पोरेट म्यानेजर राज कुमार केसीले सुनाए । उनले भरीमा मोडलहरुलाई र्‍याम्पमा उतारिने पनि बताए । ‘समर थिममा हामीले मोडलहरुलाई र्‍याम्पमा उतार्ने तयारी गरेका छौँ । यसले अझै कार्यक्रमको ग्ल्यामर बढाउने हामीले ठानेका छौँ ।’ उनले भने ।


कार्यक्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त कलाकारको प्रस्तुति रहनेछ । भरीमा रुझ्दै नाचगान अनि खानपिन गर्ने थिमको यो कार्यक्रमलाई यसअगाडि निकै रुचाईएको थियो ।

यो कार्यक्रमकै लागि पोखरासँगै काठमाण्डौ, चितवन, बुटवल, धरान, दमौली, भारत, थाइल्याण्ड लगाएतका देशबाट समेत ‘पार्टी लभर’हरु पोखरा आउने गरेका छन् । व्यञ्जन र दि बिच बारको संयुक्त आयोजना रहेको यस कार्यक्रममा इभेन्ट म्यानेजमेन्टको जिम्मा जक्सन डट कमले लिएको छ ।


# अचल सम्पति (धितो) लिलाम बढाबढ गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०५/०६**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिल बमोजिमका सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनुभएकोमा उक्त ऋण रकम नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज एवं अन्य दै-दस्तुर समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको शर्त सम्झौता उल्लङ्घन गरी बस्नुभएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफूले बुझाउनुपर्ने रकम नबुझाई बसेको र यस भन्दा अगाडि ३५ दिने, १५ दिने र ७ दिने स्थानीय तथा राष्ट्रिय पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशित गरी सम्पूर्ण साँवा, ब्याज साथै अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मितिसम्म उक्त ऋण चुक्ता नगरी बस्नु भएको हुँदा ऋणी सदस्य तथा धनजमानतले ऋण लिदाँ गरेको सम्झौता बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हालसम्मको साँवा ब्याज समेतको रकम दाखिला गर्नुहोला अन्यथा सूचना प्रकाशित भएको मितिले ३६औँ दिन धितो जे, जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम बिक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरी लिन ईच्छुक महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । धितो जमानत दिनुहुने ऋणी तथा व्यक्तिगत जमानत समेतलाई सुरक्षणमा रहेको धितो लिलाम बिक्री गरिने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मूल्याङ्कन रकम भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई संस्थाले कम मूल्यमा लिलाम बिक्री गर्‍यो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम २०७६, ऋण नीति २०७९ तथा प्रचलित कानुन बमोजिम ऋणी स्वयं र व्यक्तिगत धनजमानत कर्ताहरुको अन्य चल अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता ऋण रकम असुल उपर गरिनेछ। उल्लेखित मितिमा बोलपत्र एवं लिलाम बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गरी लिन सकिनेछ।

| सि.नं | ऋणी सदस्यको तिन पुस्ते विवरण | फोटो | धितो विवरण | धन जमानत दिनेको विवरण | फोटो |
|---|---|---|---|---|---|
| १ | धन नारायण श्रेष्ठको बुहारी पदम नारायण श्रेष्ठको श्रीमती काभ्रेपलाञ्चोक जिल्ला रयाले गा.वि.स. वडा नं.-०५ घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १८ बस्ने वर्ष ३९ की **ऋणी : निरु श्रेष्ठ** (**ना.प्र.नं.३०१०७२/१७९७६९ काभ्रेपलाञ्चोक**) |  | निरु श्रेष्ठको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको ग्यारजाती गा.वि.स. ५ सिट नं. ०९३०८७७०० को कित्ता नं १४५५ को क्षेत्रफल ०-१४-०-० को जग्गा | १. रत्नलाल श्रेष्ठको नाति धन नारायण श्रेष्ठको छोरा काभ्रेपलाञ्चोक जिल्ला रयाले गा.बि.स. वडा नं.-०५ घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १८ बस्ने वर्ष ४४ का **पदम नारायण श्रेष्ठ ना.प्र.नं. ७८१४४ काभ्रे**) <br> २. पुरुषोत्तम उपाध्यायको नाति पदमप्रसाद उपाध्यायको छोरा स्याङ्जा जिल्ला चिलाउनेबास गा.बि.स. वडा नं. ३ घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८ बस्ने वर्ष ५० का **हरिहर सापकोटा** (**ना.प्र.नं. ८३७१ स्याङ्‍जा**) |   |
| २ | नरनाथ कमर जोगीको बुहारी बालहरी कमर जोगीको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३० घर भै हाल पोखरा म.न.पा. वडा नं. ३० बस्ने.. बर्षकी ५७ की **ऋणी : जानकी कमर जोगी** (**ना.प्र.प. नं.४६-०२-७६-००८१३**) |  | **जानकी कमर जोगी** को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.बि.स. वडा नं. ९ सिट नं. ०९४११२७४ को कित्ता नं. ६०९६ को क्षेत्रफल ०-७-३-३ जग्गा | १. नरनाथ कमर जोगीको नाती बालहरी कमर जोगीको छोरा कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. १२ घर भै हाल पोखरा म.न.पा. वडा नं. ३० बस्ने ३२ बर्षका **जीवन हरि कुवँर** (**ना.प्र.प. नं. ४६१००२/५६५३**) |  |
| ३ | हस्त बहादुर दुराको बुहारी नर बहादुर दुराको श्रीमती तनहुँ जिल्ला घाँसीकुवा गा.बि.स. वडां नं. ६ घर भई हाल पोखरा म.न.पा. वडा नं. ११ बस्ने वर्ष ३७ की **ऋणी : टिका दुरा** (**ना.प्र.प. नं.४३१०२७/११६१२५**) |  | टिका दुराको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको फराकचौर गा.बि.स.वडा नं. ३ सिट नं. ३घ को कित्ता नं. ३८१ को क्षेत्रफल २-०-०-० को जग्गा | १. मन बहादुर दुराको नाति हस्त बहादुर दुराको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं ११ स्थायी ठेगाना भई हाल पोखरा म.न.पा. वडा नं ११ बस्ने वर्ष ४३ **का नर बहादुर दुरा** (**ना.प्र.प.नं.३००४८**) <br> २. विल बहादुर गुरुङको बुहारी दिलीप गुरुङको श्रीमती तनहुँ जिल्ला फिरफिरे गा.बि.स.वडा नं. १ घर भई हाल तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं. १२ बस्ने वर्ष ४४ की धनजमानत : **सोम कुमारी गुरुङ** (**ना.प्र.प नं. ४३३०४५/२११**) |   |

**लिलाम बिक्री तथा बोलपत्र सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१) लिलाममा अन्तिम पटक सबै भन्दा बढी रकम कवोल गर्ने वा बोलपत्रमा आफूले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संस्थामा बुझाउनुपर्नेछ ।
२) लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम भएको ३५ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुझि नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसावमा बाधिनेछ ।
३) लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलिपल्ट नबुझाएमा निज पछि सबै भन्दा बढी रकम बोल्ने व्यक्तिको नाममा लिलाम सदर गरिनेछ ।
४) तोकिएको दिन विदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ ।
५) लिलाम बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्तिलाई दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
६) लिलाम बिक्री हुने सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
७) सूचना प्रकाशित भएको ३६औं दिन संस्थाको प्रधान कार्यालयमा दिनको ठिक ३:०० बजे लिलाम बढाबढ हुनेछ ।
८) लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयंले व्यहोर्नु पर्नेछ ।
९) सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम तथा ऋण लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा यस संस्थाले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
१०) संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण ऋण असुल उपर नभएमा ऋणी तथा जमानीको नाममा रहेको अन्य चलअचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ ।
११) अन्य शर्तहरु बोलपत्र वा लिलाम बढाबढ फारममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य विषयहरुमा सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ ।

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
प्रधान कार्यालयः पोखरा-१०, बुद्धचोक, कास्की